# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

झलारी, कंचनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

**सटर भाडामा दिने सम्बन्धी निवेदन आह्वानको सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०७६।०४।०९)**

प्रस्तुत विषय सम्बन्धमा, शुक्लाफाँटा नगर कार्यपालिकाको मिति २०७६/०४/०८ गतेको निर्णय अनुसार झलारी बजारको दक्षिणपट्टी खुलामञ्च नजिक रहेका ४ चार वटा सटरहरु भाडामा दिनुपर्ने भएको हुदा देहायमा उल्लेखित शर्तहरुको अधिनमा रही ईच्छुक निवेदन पेश गर्नहुन सूचना आह्वान गरिएको छ।

**शर्तहरु**

१. निवेदन यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म रु ५००(फिर्ता नहुने) को नगदी रसिद वा यस कार्यालयको श्री एभरेष्ट बैंक लि, झलारी स्थित संचित कोष खाता हि. नं. ०५९१०१०५२००००० मा जम्मा भएको सक्कल भौचर संग्लग्न कार्यालय समय भित्र पेश गर्न सकिनेछ ।

२. प्रत्येक सटरको भाडा प्रति महिना रू ३०००(तिन हजार मात्र) हुनेछ। नगरपालिकाले निर्णय गरी वार्षिक १०% सम्म भाडा बढाउन सक्नेछ ।

३. तोकीएको समय भित्र प्राप्त निवेदकहरु मध्ये ४ चार जना चिट्ठा प्रणालीबाट छनौट गरिनेछ ।

४. दर्ता भएका निवेदनहरुबाट १६ औ दिनको अपराह्न २ बजे कार्यालयका प्रतिनिधि र निवेदकहरुको रहोबरमा चिट्ठा बिधिबाट छनौट गरिनेछ। छनौट गर्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५. म्याद भन्दा ढीलो गरी प्राप्त हुन आएको, रीत नपुगेको, कुनै शर्त राखि पेश भएको, सूचनाको शर्त विपरित भएको निवेदनमाथि कुनै कारवाही हुने छैन।

६. छनौटका क्रममा केही विवाद वा समस्या उत्पन्न भएमा कार्यालयको निर्णय नै अन्तिम निर्णय हुने छ ।

७. सूचना सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ र अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछन।

..............................................
(विशनसिंह थापा)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत